# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा,डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल
## नदीजन्य पदार्थको बिक्रि शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२७

दोस्रो पटक प्रकाशित मितिः २०७९/०७/०१

यस **परशुराम नगरपालिकाको** कार्यालय जोगबुडा, डडेल्धुराबाट आ.व.२०७९/०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र परशुराम नगरपालिका आर्थिक ऐन, २०७९ को दफा १३, अनुसूची १३ को व्यवस्था बमोजिम र परशुराम नगरपालिका नगर कार्यपालिका बैठकको मिति २०७९/०५ २४ गतेको निर्णय अनुसार लगाउन सकिने देहाय बमोजिमको नदीखोलाहरुको बिक्रि शुल्क (**रोयल्टी**) ठेक्कालिन इच्छुक फर्म वा कम्पनीहरुलाई तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही विद्युतीय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>तपसिल</u>**

| बोलपत्रनं. | नदीखोलाको बिवरण | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नु पर्ने वार्षिक परिमाण (घन मिटर) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| IR PM/०१/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, बहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ | ३,०००।०० |
| IR PM/०२/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ | ३,०००।०० |
| IR PM/०३/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला | ३४,३४,४००।०० | ३२,४०० | ३,०००।०० |
| IR PM/०४/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने सादनी खोला | २८,६२,०००।०० | २७,००० | ३,०००।०० |
| IR PM/०५/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) | १७,९५,६४०।०० | १६,९४० | १,०००।०० |
| IR PM/०६/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला | ८,३४,७५०।०० | ७,८७५ | १,०००।०० |
| IR PM/०७/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने कलेना खोला | ३,६८,८८०।०० | ३,४८० | १,०००।०० |
| IR PM/०८/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला | २,८६,२००।०० | २,७०० | १,०००।०० |

प्रमुख प्रशासकिय अधिकृत

## शर्तहरु:

१. इच्छुक फर्म/कम्पनीहरुले फर्म/कम्पनीदर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वंय घोषणा पत्र, माथि उल्लेखित बोलपत्र (**टेण्डर**) फाराम दस्तुर बापत (**फिर्ता नहुने गरी**) यस कार्यालयको **नेपाल बैङ्क लि.**जोगबुडा शाखामा रहेको आन्तरीक राजश्व **खाता नं. २४४०३००००१००१००००१** मा नगद दाखीला गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १६ **औं दिन** (२०७९ कार्तिक १६ गते) **दिउसो १२.०० बजे** भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. रीतपूर्वक दर्ता हुन आएका बोलपत्र **१६ औं दिनको दिउसो १:०० बजे** कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलीने दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

३. ठेक्कालिने ईच्छुक फर्मले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस **परशुराम नगरपालिकाको नेपाल बैङ्क लि**. जोगबुडा शाखामा रहेको धरौटी **खाता नं.** २४४०३००००३०००००००१ मा नगद दाखीला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्क बाट इजाजत प्राप्त **क** वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिन देखि **१२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।**

४. बोलपत्र खरीदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र फाराम डाउनलोड गरि बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:००. बजेभित्र विद्युतीय खरिद प्रणालि मार्फत छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।

५. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको, म्याद नाघि आएको र रीत नपुगी वा कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन । प्रचलित नियमानुसार कालोसूचीमा परेका व्यक्ति फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन् ।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० (तीस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो तथा तेश्रो किस्ता वापत ७० (सत्तरी) प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत भ्याट रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, परशुराम नगरपालिकाको आर्थिक ऐन, २०७९, यस नगरपालिकाबाट जारी भएका कानुन, अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१०. ठेक्कामा कुनै विवाद भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ । साथै बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत

११. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जी मा तोकीएका वस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा र तोकिएको स्थानमामात्र रोयल
संकलन गर्नुपर्ने छ । सो भन्दा फरक हुनेगरी शुल्क संकलन गरेमा नियमअनुसार कारवाही हुनेछ ।

१२. प्रचलीत नियमअनुसार कालो सूचिमा परेका र यस परशुराम नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ती, फर्म त
कम्पनीहरुको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

१३. ठेकेदारले **परशुरामनगरपालिकाको** राजश्व संकल गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन
कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ ।

१४. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुप
अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ र खर्च दावीगर्न पाइने छैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान लिन कुनै व्यक्
वा निकायको निजि जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ ।

१५.ठेकेदारले नदिजन्य पदार्थ संकलन,उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले बेहोर्नु पर्ने छ र रोयल्टि संकलन ग
दर परशुराम नगरपालिकाको नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७९ को दफा १३, अनुसूची १३ मा तोकिएको दररेट प्रति घन फि
मु.अ.कर बाहेक रु. ३ (**अक्षेरेपी रु तीन रुपैया मात्र**) अर्थात प्रति घनमिटर मु.अ.कर बाहेक रु.१०६।०० (**अक्षेरेपी रु एक सय छ रुपै
मात्र**) हुने छ ।

१६. **ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मिति देखि २०८० जेठ मसान्त सम्म** रहनेछ । ठेक्का अवधीमा बन्द हडता
लकडाउन आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै किसिमको क्षतिपुर्ती दावीगर्न पाइने छैन । IEE प्रतिवेदन
निषेध गरेको अबधी र स्थानमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइने छैन ।

१७. पक्कीपुल, सडक राजमार्ग, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट **५०० मिटर** दूरी सम्म उत्खनन गर्न पाइने छैन ।

१९. खोला तथा नदीको घाटगद्धीहरुमा सम्पुर्ण जानकारी सहीतको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरु
देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ ।

१८. नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बा
नदीजन्य पदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाक
नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिनेछ ।

१९. नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर
पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाइएमा तोकिएको जरिवाना गरिनुका साथै नदीजन
पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२०.परशुराम नगरपालिका कार्यालय संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान
संकलन, उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाइ नजिकको सुरक्षा निकायको सहयोग लिइ आवश्यक कारबाही गर्नुपर्नेछ।

२१. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ ।

२२. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार परशुराम नगरपालिकामा सुरक्षित रहनेछ ।

२३. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम तथा यस सूचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम कानुन
नगरपालिकाको निर्णय बमोजिम हुने छ ।

२४. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा थप
जानकारीको लागि **परशुराम नगरपालिकाको कार्यालयमा** सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत